# जीवन विकास लघुवित्त वित्तीय संस्था लि.
## JEEVAN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)
कटहरी-२, मोरङ्ग, कोशी प्रदेश
सम्पर्क : ९८०२७९६१९६

# विशेष साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८३ जेष्ठ २६ गते)**

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८३/०२/२५ गते सोमबार बसेको १४४औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको विशेष साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८३ असार १० गते बुधबार (तदनूसार २४ जून, २०२६)

**समय** : बिहान १०:३० बजे ।

**स्थान** : वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कटहरी २, मोरङ्ग ।

**छलफलका विषयहरुः**

**क) विशेष प्रस्तावहरु**

१. यस जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, कटहरी मोरङ्ग, युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, कोहलपुर बाँके र मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड, बनेपा काभ्रेपलाञ्चोक बीच एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युको प्रतिवेदन पारित गर्ने ।

२. तीनवटै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा हालसम्म गरिएको काम कारवाही, निर्णय, खर्च रकम र लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक अनुमोदन गर्ने ।

३. तीनवटै लघुवित्त वित्तीय संस्थाको सम्पत्ति, दायित्व तथा कारोवारको मूल्यांकन (Due Diligence Audit-DDA) प्रतिवेदनको आधारमा संयुक्त मर्जर समितिको सिफारिसमा सञ्चालक समितिले निर्धारण गरेको शेयर आदान प्रदान अनुपात (Share SWAP Ratio) सहित गाभ्ने गाभिने (Merger) सम्बन्धी सञ्चालक समितिको प्रस्ताव पारित गर्ने ।

४. तीनवटै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा तयार गरिएको अन्तिम सम्झौता पत्र र व्यवसायिक योजना तथा प्रक्षेपण (Business Plan and Projection) स्वीकृत गर्ने ।

५. तीनवटै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा यस संस्थाको प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने ।

६. तीनवटै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने लगायतका कार्य सम्पन्न गर्न र प्रबन्धपत्र तथा नियमावलीमा सभावाट भएको संशोधन प्रस्तावमा नियमनकारी निकायवाट निर्देशन भएमा सोही वमोजिम संशोधन हेरफेर गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

७. भविष्यमा अन्य कुनै लघुवित्त वित्तीय संस्थासँग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने प्रयोजनका लागि आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ख) विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## विशेष साधारण सभा सम्बन्धमा अन्य थप जानकारी :

१. विशेष साधारण सभा प्रयोजनका लागि मिति २०८३/०३/०३ गते १ दिन वित्तीय संस्थाको शेयर दाखिल खारेज बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८३/०३/०२ गतेसम्म कारोबार भई प्रचलित कानून अनुसार तोकिएको समयावधि भित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन पाउनेछन् ।

२. विशेष साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो हितग्राही परिचय नं. वा आफ्नो परिचय खुल्ने कुनै आधिकारिक परिचयपत्र साथमा लिएर आईदिनुहुन अनुरोध छ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाबाट प्रतिनिधि नियुक्त गरिएको आधिकारीक पत्र लिई आउनुपर्नेछ ।

३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी उपस्थिति पुस्तिका सभा हुने दिन बिहान ९:०० बजेदेखि खुल्ला रहनेछ । विशेष साधारण सभामा भाग लिन आउने शेयरधनीहरुले सभासँग सम्बन्धित कागजात बाहेक कुनै झोला, पोका वा अन्य सामाग्री नलिई आउनु हुन अनुरोध छ ।

४. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता किताबमा उल्लेखित) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्ती गर्न र मत दिन समेत सक्नेछन ।

५. विशेष साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले तोकिएको ढाँचामा यस वित्तीय संस्थाको शेयरधनीलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन सभा शुरु हुने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय कटहरी-२, मोरङ्गमा दर्ता गराई सक्नुपर्नेछ । यस वित्तीय संस्थाको वेबसाइट (www.jeevanbikasmf.com) बाट प्रोक्सी फारम प्राप्त गर्न सकिनेछ ।

६. सभामा भाग लिनकोलागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सकेपछि सम्बन्धित शेयरधनी आफै सभामा उपस्थित हुन वा प्रतिनिधि फेर बदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, कटहरी, मोरङ्गमा प्राप्त हुने गरी सोको सूचना पठाउनु पर्नेछ ।

७. कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको सम्वन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउनुहुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

८. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा निजबाट अनुमति प्राप्त व्यक्तिले सम्बोधन गर्न सक्नेछन् ।

९. सभा सम्बन्धि अन्य काम कार्वाही कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानून, नीति नियम तथा निर्देशन बमोजिम हुनेछ ।

१०. विशेष साधारण सभा सम्बन्धमा अन्य थप जानकारी आवश्यक भएमा यस वित्तीय संस्थाको फोन नं. ९८०२७९६१९६ मा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन अनुरोध छ ।